● अनुरोधः of] 6f“:g] klqsf xf] . ;a}n] k9\g ldNg] u/L leQfdf 6f“l;lbg'xf]nf .


# जूनकीरी

वर्ष– १, अंक– १, साउन २०६०, (July 2003), काठमाडौं


[redacted]

## aflnsf lzIff / xfd|f] ofqf

समाजशास्त्र पढेकाहरू भन्ने गर्छन्– एउटी महिलालाई शिक्षित गर्नु भनेको सिङ्गै परिवारलाई शिक्षित पार्नु हो । हाम्रो मुलकको अवस्था हेर्दा कतिपय अभिभावकहरू उल्टो मानसिकता बोकेर बसेका छन् ।

सरकारले हालैको बजेट बक्तब्यमा जम्मा विद्यार्थीको ४५ प्रतिशत बालिकाको संख्या पुर्‍याउने विद्यालयलाई थप अनुदान रकम दिने घोषणा गरेको छ । यो बालिका शिक्षाको स्थिति सुधार गर्नका लागि पहिलो प्रयास भने होइन । निकै पहिलेदेखि नै बालिकालाई निःशुल्क अध्ययन गराउने, छात्रवृत्ति दिने, कपडा, पुस्तक, खाजा आदि दिने जस्ता कार्य गरिएका थिए । तर यी कार्यक्रमले समेत बालिका शिक्षाको स्थितिमा खासै सुधार गर्न सकेको देखिँदैन । गरीबी, सामाजिक कुसंस्कार, उत्पादनहीन शिक्षा र शिक्षाप्रति वेवास्ता जस्ता समस्याहरूले गर्दा कुल महिला साक्षरता दर ३७.८ प्रतिशत मात्रै पुगेको देखिन्छ । यद्यपि पचास वर्ष अगाडि सन् १९५२ मा कूल साक्षरता दर ९.५ प्रतिशत हुँदा महिला साक्षरता दर ०.७ प्रतिशत मात्रै थियो । तर यस आँकडाले मात्रै सन्तोष मान्न सकिने अवस्था छैन । हरेक पटक नीति निर्माण र बजेट बाँडफाँडको समयमा महिला शिक्षाका कुरा जोडतोडका साथ उठाउने गरिन्छ । तर कार्यान्वयनमा विभिन्न कमजोरीले पिछडिएको समूह उस्तै रहने गरेको छ । हामीलाई के लाग्छ भने समग्र शिक्षाको स्थिति सुधार गर्दै महिला र बालिका शिक्षाको स्थिति समेत सुधार्ने प्रयास गरिनुपर्छ । सिंगो शरीर नै अस्वस्थ भएको समयमा अर्को रोग लागेको कुनै अंगमा मात्रै उपचार केन्द्रित गरिँदा रोग निको हुँदैन । यस अवस्थामा बालिका शिक्षामा बल पुर्‍याउनु समाजका हरेक वर्ग, व्यक्ति, समुदाय र राज्यको दायित्व हो ।

शिक्षा पत्रकार समूहले युनिसेफ नेपालसँग मिलेर भित्ते पत्रिकाको प्रकाशन आरम्भ गरेको छ । मूलतः बालिका शिक्षामा केन्द्रित रहेर प्रकाशन गरिने यो भित्ते पत्रिकामा गुणस्तरीय शिक्षा लगायत शिक्षाका अरू विषय समेत समावेश गरिनेछ । सञ्चारमाध्यम वा प्रचार सामग्रीको पहुँचमा नरहेको ग्रामीण समुदाय र नवसाक्षरहरूलाई यो प्रकाशन उपयोगी हुने कुरामा हामी विश्वस्त छौ । हामीलाई तपाईंले देख्नुभएका शिक्षा क्षेत्रका

## अरबू नीशा हुसेनहरू पनि स्कुल जान थाले

अरबू नीशा हुसेन, सफिमा डफाली, जरिना मोमिन र अजमेरून डफाली सरस्वती प्राथमिक विद्यालयमा पढ्छन् । कपिलवस्तुको महुवा गाविसस्थित लक्ष्मणपुर गाउँका यी मुसलमान बालिकालाई सामुदायिक मानिने कोपको विद्यालयमा पढाउनु गाउँमा एउटा क्रान्ति नै हो । यी बालिकाहरूका अभिभावकले शिक्षा पत्रकार समूहलाई बताए अनुसार, महिला शिक्षिकाहरू मात्र उनीहरूको विद्यालयमा भएका कारण मुसलमान समुदायका बालिकाहरू पठाउने सोच समुदायले बनाएको हो ।

आफ्ना दुई छोरा र एक छोरीलाई मुसलमानहरूको परम्परागत धार्मिक शिक्षालय मदर्शा पढाइरहेका छन् स्थानीय बासिन्दा दोस मोहम्मदले । उनी भन्छन्- यिनीहरूले आधुनिक शिक्षा लिएकाले हामी जस्ता अभिभावकहरू समेत छोरीलाई आधुनिक शिक्षा दिनेतर्फ नै आकर्षित भएका छौँ । कपिलवस्तुकै राजपुर गाविसमा पर्ने किचरडिवा स्थित मदर्शामा ५० जना विद्यार्थी मध्ये २० जना बालिका रहेका छन् । उनीहरूको घर नजिकै सरकारी स्कुल छैन, टाढाको स्कुलमा बालक त पढ्न पठाइदैन बालिकाको त के कुरा ? मदर्शाका मौलान अख्लाक अहमद भन्छन् । “नयाँ स्कुल खोल्नुभन्दा परम्परागत शिक्षण संस्थामा सरकारी समन्वय हुनु राम्रो हुन्छ । ” यस्तै विचार छ यसै जिल्लाको जहदी स्थित श्याम प्राविका प्रधानाध्यापक महरूद्धिन मुसलमानको पनि । उनी भन्छन्– “आधुनिक सरकारी शिक्षा र मुसलमान समुदायबीचको दुरी निकै बढी छ । आफनो संस्कार, संस्कृति र भाषाका विषयमा कुनै पनि कुरा पढ्न नपाइने अवस्था छ । त्यसैले मैले चाहेर पनि मुस्लिम बालिकालाई पढाऔँ भनेर समाजमा गएर भन्न सकिँन ।” कपिलवस्तुकै केही क्षेत्रमा खुलेका आधुनिक मुस्लिम बोर्डिङ्ग स्कुलमा बालक र बालिकाको संख्या लगभग उस्तै हुनुले बालिका शिक्षाप्रति विस्तारै मुसलमान समुदाय सजग हुदै गएको देखिन्छ ।

सरकारी आंकडा अनुसार, मुसलमान समुदायमा ५ प्रतिशतभन्दा पनि कम महिला मात्रै शिक्षित छन् । तर यस गणनामा मदर्शा वा परम्परागत शिक्षाको पढाइलाई शिक्षाको मान्यता दिइएको छैन । मुसलमान समुदायको शिक्षालाई नजिकबाट हेरिरहनु भएका बुद्धिजीवी डा.जाहिर परवेज उर्दू लिपी लेखपढ गर्न सक्नेहरूलाई गणना गरिएमा यो प्रतिशत धेरै गुणा बढ्ने दावी गर्नुहुन्छ । मुसलमान समुदायका विषयमा गंभीर अध्ययनमा

## नयाँ बजेटमा शिक्षा

सरकारले यसै शैक्षिक सत्रदेखि बालिका शिक्षाका निम्ति विशेष कार्यक्रम घोषणा गरेको छ । आर्थिक वर्ष २०६०/६१ को बजेट बक्तब्य मार्फत गरिएको उक्त घोषणा अनुसार कुल विद्यार्थीमध्ये छात्राको संख्या ४५ प्रतिशत भन्दा माथि पुर्‍याउने विद्यालयलाई नियमित अनुदानमा २५ प्रतिशत रकम थप गरिनेछ । यो कार्यक्रम बालिकाहरूको भर्नादर ४४.८ प्रतिशतभन्दा कम भएका २० जिल्लामा लागू गरिने घोषणा सरकारले गरेको छ ।

घोषित कार्यक्रममा चारहजार भन्दा बढी शिक्षिका र बेरोजगार युवायुवतीलाई साक्षरता अभियानमा संलग्न गराइनेछ । यस अभियानमा पनि महिला शिक्षिका प्राथमिकतामा पर्ने भएका छन् । आठ जिल्लामा निरक्षरता उन्मूलन गर्नको लागि सघन र व्यापक रूपमा साक्षरता कार्यक्रम सञ्चालन गरिने कार्यक्रम घोषणा गरिएको छ ।

महिला, दलित र जनजातिलाई शासकीय संरचनामा स्थान दिने उद्देश्यले सरकारी अनुदान प्राप्त महाविद्यालय र विश्वविद्यालय ले भर्ना गर्दा प्रतिशतको आधारमा विद्यार्थी भर्ना गर्नुपर्ने नियम राखिएको छ । नियम अनुसार दश प्रतिशत दलित, १५ प्रतिशत जनजाति तथा २० प्रतिशत छात्रालाई अनिवार्य रूपमा भर्ना गर्नुपर्ने घोषणा गरिएको छ । प्राथमिक स्तरमा भर्ना हुने सबै दलित बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराउने घोषणा पनि गरिएको छ ।

त्यस्तै गुणस्तरीय शिक्षाको निमित्त विद्यालयलाई प्रेरित गर्नका लागि सरकारले विशेष कार्यक्रम ल्याएको छ । कार्यक्रम अनुसार एसएलसीमा ५० प्रतिशत भन्दा बढी विद्यार्थी सफल बनाउने विद्यालयलाई ४ लाख थप अनुदान दिइनेछ । यस पटकको बजेटमा जम्मा १५ अर्ब ४७ करोड रूपैयाँ शिक्षाका लागि छुट्याएकोमा ४ अर्व ३४ करोड रूपैयाँ विकास



तस्वीरः शिवहरि भट्टराई

**बालविवाह वाधकः सप्तरी जिल्लाको इटहरी विसनपुर गाविसस्थित रुद्रनारायण निमाविको प्राङ्गणमा गोबर बटुल्दै तीन बालिका । चरम गरिवीको कारण उनीहरु विद्यालय जान सक्दैनन् । अर्कोतर्फ त्योभन्दा ठूलो वाधक बालविवाह बनेको छ । श्यामा (टोकरीसँगै उभिएकी) को दुई वर्ष अगाडि नै विवाह भइसकेको छ । यस भेगमा कलिलै उमेरमा विहेवारी हुँदा उनीहरू शिक्षाको अवसरबाट बञ्चित छन् भने स्वास्थ्य र कतिपय अरू अवसरहरूबाट बञ्चित हुने**

## शकुन्तलाले मौका परीक्षा दिइन्

पिछडिएको माझी परिवारवाट पहिलोपल्ट एसएलसीमा सहभागी शकुन्तलाले साउन ५ गते गणित विषयको मौका परीक्षा दिइन् । काभ्रेको चन्डेनीमन्डन गाविस–२ को करिव ७० घर माझी टोलवाट अहिलेसम्म एसएलसी दिने सकुन्तला पहिलो छोरी हुन् ।

गएको चैतमा संचालित एसएलसीको नियमित परीक्षामा गणितमा मात्र असफल भएकीले उनले मौका परीक्षामा सामेल हुन पाएकी हुन् । ३२ पासमार्कको गणितमा उनले २१ नम्बर पाएकी थिइन् । प्रथम श्रेणीमा एसएलसी पास गर्ने लक्ष्य लिएकी उनी डेडीथुम्का मावि, महादेवस्थान (कुन्तावेंसी) को जेहेन्दार छात्रामा पर्थिन् । आफूले सोचेभन्दा गाह्रो प्रश्नपत्र आएकाले त्यतिखेरै आफू अनुत्तिर्ण हुने सोचाई बनाएर पुनः अध्ययनमा लागेको उनले बताइन् ।

मौका परीक्षामा सहभागी भइसकेपछि उनले यो पटक भने राम्रो अंक आउने बताएकी छन् । ‘सोचेजस्तै राम्रो भयो’ उनले खुसी प्रकट गरिन् । एसएलसी पास भएपछि नर्सिङ विषय पढेर गाउँका आमावुवा, दाजुभाइ र दिदी वहिनीको स्वास्थ्य सेवामा सक्रिय रहने उनको लक्ष्य छ । उनको उच्च शिक्षाका लागि महादेवस्थानकै एक गैरसरकारी संस्थाले पूरै लगानी गर्ने भएको छ ।

[redacted]

सकुन्तलाले आफ्नो गाउँघरका केटाकेटीलाई पनि स्कुल पठाउनु पर्ने जनचेतना फैलाउँदै आएकी छन् । ‘तर, मैले आफ्नी वहिनीलाई भने पढाउन सकिँन’ उनको गुनासो छ । चण्डेनीमण्डन गाविसका माझी परिवारमा छोरीलाई विद्यालय पठाउनुलाई अझसम्म नौलो घटनाका रूपमा लिइन्छ । हाम्रो समुदायमा सबैभन्दा बढी पढेकी यी किशोरी गाउँकै नमूना भएकी छिन्– माझी परिवारबाट एक्लो प्रवेशिका उत्तीर्ण राजु माझी बताउँछन् । चण्डेनीमण्डन गाविसका ४ सय ८ जनामध्ये एकमात्र प्रवेशिका उत्तीर्ण गर्ने माझी उनी नै हुन् ।

गाउँ नजिकैको इन्द्रवतीमा माछा मार्नु, डुँगा खियाउनु र थोरै पाखोबारीमा खेतीपाती गरी जीवन गुजार्नु यी माझीहरुको पुस्तैनी पेशा हो । आर्थिक समस्या उनीहरुले बालिकालाई शिक्षा नदिनुको प्रमुख समस्याका रुपमा देखा परेको छ । पढ्ने उमेरमा टेक्ने वित्तिकै यस समुदायका बालिकाहरु गाउँ र वरपर ठूला र सम्पन्न जातका मानिसको घरमा भाँडा माझ्ने वा खेतीमा सघाउने काम गर्न थाल्छन् । यसबाट प्राप्त आम्दानीले घर परिवारको गर्जो टर्ने गर्छ । प्रवेशिका उत्तीर्ण गरी अध्यापनमा संलग्न राजु माझीको विचारमा पढेलेखेका छोरी नभएकोले समाजमा चेतनाका निम्ति उदाहरण बन्न कोही सकेको छैन । तर शकुन्तलाले पढेपछि अरु धेरै बालिकाहरु पढन थालेका छन्- विन्दवासिनी प्रस्तावित निमाविका प्रधानाध्यापक रामकृष्ण नेपाल बताउँछन् । त्यस विद्यालयमा माझी समुदायका विद्याकुमारी, कोपिला, उर्मिला, सीता, विमला र जानुका पछिल्ला उदाहरण भएका छन् । तर भर्खरै १६ वर्ष पुगेकी निर्मला माझी भने आफ्नो समयमा पढ्ने पढाउने चलन नै नरहेको बताउँछिन् । उनको गुनासो सहितको प्रतिक्रिया छ- “ऊ बेलामा छोरीले पढ्ने चलन

## सबै बालिकालाई पढाउन अब यसो गरौँ

■ डा. विद्यानाथ कोइराला

छोरीलाई विद्यालयमा पढाउनुपर्छ भन्ने धारणा हाल समाजमा विकसित भएको छ । पहिलेकोभन्दा संख्यात्मक रूपमा परिवर्तन भएको छ । हामीले सञ्चालन गरेका कार्यक्रमले के भएन र के परिपाटी ल्यायो त भन्ने आजको मुख्य कुरा हो । सकारात्मक परिणति भनेको के हो भने विद्यालयमा केटीहरूको संख्या बढेको छ । नकारात्मक कुरा चाहिँ बालिका भनेर सबैलाई एउटै नीति मा ल्याउने चलनचल्ती हामीले गरिदियौँ । सबै ‘केटीहरू’ भन्ने तर्फ लाग्यौँ । मेरी छोरीलाई किन छात्रवृत्ति दिने भनेर सोचिनु पनि पर्छ । सरकार भने ती पनि त महिला हुन् र किन नपाउने तिनलाई पनि दिनुपर्छ भन्ने मानसिकतामा छ ।

एउटै पक्षले पढपढ भनेर मात्र हुँदैन । पढ्ने वातावरणको लागि अरू संयन्त्रहरू त्यतिकै लाग्नुपर्ने अवस्था छ । स्थानीय विकास मन्त्रालय अन्तर्गत केही सुविधा दिइन्छ होला । विश्व खाद्य कार्यक्रम अन्तरगत दिने सुविधा दिनुपर्‍यो । केही ठाउँमा केही संस्थाहरूले कार्यक्रम सञ्चालन गरेका उदाहरण पनि छन् । एकीकृत गरेर लैजाने कामधन्दा अहिलेसम्म हुन सकिरहेको छैन । अब नीति बनाउँदा सबैभन्दा बढी ध्यान त्यसमा दिनुपर्छ भन्ठान्छु म ।

हाम्रो सामाजिक संरचना र छोरीहरूको बढ्ने क्रमले थोरै समयमा धेरै कुरा सिक्नुपर्ने हुँदो रहेछ । दश वर्ष लाएर यति कुरा सिक्ने भनिँदा वाबु आमामा धैर्यता पनि नहुने देखिएको छ । त्यो अवस्थामा बावु आमाको चाहनासँग मिलाएर थप जानकारी दिनुपर्ने अवस्थामा रहेछ । दोस्रो कुरा, केटीहरूलाई केटाहरूको बराबरीमा आउनलाई विशेष क्षमता चाहिने रहेछ । प्रत्येक विद्यालयमा केटीहरूलाई विशेष कक्षाहरू सञ्चालन गर्न सकेको भए राम्रो हुन्थ्यो । त्यसको अर्थ केटीहरूको छुट्टै कक्षा सञ्चालन गर्ने भन्ने कुरा आउँछ । दुईवटा अति धारको ठाउँ मध्ये बीचको धारमात्र खोज्न खोजेको हुँ । उनीहरूलाई विद्यालय पठाइदिएपछि पढ्छन् भन्ने अति धार छ । जो अहिले सरकारले गरिरहेको छ । दोस्रो, अतिधार, केटीहरूलाई विशेष कुरा दिएर समानतामा पुर्‍याउन दिनुपर्छ भन्ने हो ।

बीचको धार भन्नाले चाहेको विषय र स्कुलमा चाहेको कुराको समन्वय गर्न सकियो भने गुणात्मक शिक्षा हुन सक्छ । अर्को पक्ष भने प्रतियोगितात्मक कुरा पनि हो । केटाकेटीबीचको प्रतियोगिता जो हामी केही मात्रामा मात्र भए पनि गरिरहेको पाउँछौँ । पढे लेखेका बावुआमाका छोरी र अनपढ बावुआमाका छोरीहरू एउटै ठाउँमा राखेर प्रतियोगिता गर्न सकिँदैन । त्यो नसक्ने अवस्था आयोभने चेपाङ केटीहरूबीचको प्रतियोगिता गराएर थकाली केटीहरूसँग प्रतियोगिता गराउने र त्यसपछि क्षेत्री बाहुन केटीसँग ल्याएर प्रतियोगिता गराउने गरिनुपर्छ । राष्ट्रिय प्रतियोगिता गराउन सकियो भने त्यसले गुणस्तर ल्याउला । गुणस्तरकै कुरा गर्ने हो भने केटा र केटीहरूको पढ्ने शैली पनि फरक हुँदो रहेछ । त्यो शैली बुझ्नुपर्ने अवस्था छ । केटीहरूको अर्को पक्ष घर हो, जसले गुणात्मक शिक्षालाई काम गर्छ । अभिभावकलाई छोरी पढिरहेकी छ, एक दिन काम नलाऊँ भन्ने धारणा विकास गराउन खेती गर्नु पर्‍यो ।

विद्यालयसम्म ल्याउन नसकिएका बच्चीहरूको लागि खाना, नाना र शिक्षा दिनमात्र बाँकी छ । विद्यालय नआएका भनेका खान नपाउने समुदायका केटीहरू छन् । त्यस्ता खालका केटीहरूलाई छात्रावासमा राखेर छोटो समयको शिक्षा दिने संयन्त्र बनाएर विद्यालयमै लैजानुपर्छ ।

यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४–२५७६५५, इमेलः ejg@ntc.net.np, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, फोनः ४–४२१४१०, सम्पादनः पदम